# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०३।१४ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कार्यरत ना.सु. डोर प्रसाद पन्थीले अभिलेख अध्यावधिक गर्ने प्रयोजनका लागि आउने अख्तियारवाला व्यक्तिहरुबाट काम सहज गरिदिए बापत घुस/रिसवत माग गरेको भन्ने सुचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज ना.सु. डोर प्रसाद पन्थी र लेखापरीक्षक रामचन्द्र श्रेष्ठ बिच रु. ५,०००।-(पाँच हजार) लिने दिने क्रममा उक्त रकमसहित निजहरु दुवैलाई नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कार्यरत ना.सु. डोर प्रसाद पन्थीले बिभिन्न कम्पनीहरुको अभिलेख अध्यावधिक गर्ने क्रममा लेखापीक्षक रामचन्द्र श्रेष्ठको लेखापरीक्षण प्रतिवेदन सामेल हुने फाइलमा सहजता प्रदान गरिदिने कामको लागि रु. ५,०००।— (पाँच हजार) घुस/रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा निज डोर प्रसाद पन्थीलाई बिगो रु. ५,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको छ ।

साथै, सेवाग्राही लेखापरीक्षक राम चन्द्र श्रेष्ठले राष्ट्रसेवक कर्मचारी ना.सु. डोर प्रसाद पन्थीलाई आफ्नो काममा सहजता प्रदान गरिदिन घुस/रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको देखिंदा निज राम चन्द्र श्रेष्ठउपर बिगो रु. ५,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम ऐ. को दफा ३ को उपदफा (१) र ऐ. दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन तथा घुस/रिसवतबापतको रकम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला